नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
च.नं.:

## प्रेस विज्ञप्ति

आज मिति २०८१ साउन ३२ गते (तदनुसार १६ अगष्ट २०२४) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीज्यूसँग नेपालका लागि संयुक्त अधिराज्यका महामहिम राजदूत H.E. Rob Fenn ले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो। सो अवसरमा माननीय मन्त्रीज्यूले नेपालको सामाजिक तथा आर्थिक विकासको लागि संयुक्त अधिराज्य प्रमुख विकास साझेदारको रूपमा रहेको र संयुक्त अधिराज्यले नेपालमा मानव विकास, आर्थिक विकास, सुशासन एवम् मानवीय सहायता लगायतका क्षेत्रमा गरेको निरन्तर सहयोग महत्वपूर्ण रहेको कुरा व्यक्त गर्नुभयो।

उक्त भेटमा माननीय मन्त्रीज्यूले नेपाल सन् २०२६ मा अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुन गइरहेको सन्दर्भमा सोको दिगो र भरपर्दो रूपमा संक्रमणकालीन व्यवस्थापन गर्नु आवश्यक रहेको बताउनुभयो। यसका लागि नेपाली उद्योग व्यवसायको विकास, प्रवर्द्धन तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न र नेपालको निर्यात व्यापारमा पर्न सक्ने असर न्यूनीकरण गर्दै प्राप्त अवसरको सदुपयोग गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो। माननीय मन्त्रीज्यूले उद्योग, पर्यटन, सूचना प्रविधि लगायतका उत्पादनमूलक क्षेत्रको विकास तथा निर्यात अभिवृद्धि नेपाल सरकारको प्राथमिकताका क्षेत्रको रूपमा रहेको बताउनु भयो।

छलफलको क्रममा माननीय मन्त्रीज्यूले संयुक्त अधिराज्यले Developing Countries Trading Scheme (DCTS) को शुन्य भन्सार महशुलको अधिकतम लाभ लिन यस सम्बन्धी सचेतना एवम् उद्यमी तथा निर्यात व्यवसायीको क्षमता अभिवृद्धिमा सहयोगको लागि अनुरोध गर्नुभयो। साथै, उहाँले जडिबुटी, पश्मिना, चिया, तयारी पोशाक, गलैंचा लगायतका नेपालको प्राथमिकतामा परेका निर्यातयोग्य वस्तुको निर्यातमा जोड दिनुपर्ने आवश्यकता रहेको धारणा राख्नुभयो।

सो अवसरमा महामहिम राजदूतले माननीय मन्त्रीज्यूलाई पुनः नियुक्तिको लागि बधाई दिंदै उहाँको सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो। साथै, उहाँले आगामी दिनमा दुई देशबीचको व्यापार, लगानी, पर्यटन र शिक्षाको क्षेत्र थप विस्तार, सुदढ र सन्तुलित हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले संयुक्त अधिराज्यको नयाँ गठित सरकारले द्विपक्षीय साझेदारीलाई प्राथमिकतामा राखेको कुरा बताउनु भयो। उहाँले नेपालसँग थप साझेदारीका कार्यक्रममा जोड दिंदै दुई मुलुक बीचको लगानी तथा व्यापार अभिवृद्धि गर्न क्रियाशील रहने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

भेटघाटको क्रममा संयुक्त अधिराज्यको अनुदान सहयोगमा सञ्चालन हुने Nepal in Business (NIB) कार्यक्रम कार्यान्वयनको तयारीको अवस्था र यसले साना तथा मझौला उद्योगहरुलाई पुऱ्याउने सहयोग र नयाँ सम्भावित कार्यक्षेत्रको विषयमा समेत छलफल भयो।

भेटघाटको अवसरमा मन्त्रालयका सहसचिव श्री बाबुराम अधिकारी र जीवलाल भुसाल लगायत अन्य अन्य पदाधिकारी र परराष्ट्र मन्त्रालयका कर्मचारी एवम् संयुक्त अधिराज्यको नेपालस्थित राजदूताबासका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो।

मितिः २०८१ साउन ३२ गते शुक्रबार।

सहसचिव एवम् प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np

CamScanner